# फतुवा बिजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया (दो,) रौतहट
मधेश प्रदेश नेपाल

प.सं.:२०८३/८४
च. नं.:

---

अत्यन्त जरुरी सूचना!

मितिः२०८३/०४/१९

विषयः सम्पत्ति तथा जिन्सी मालसामानहरुको अभिलेख अद्यावधिकमा सहयोग तथा सहजीकरण सम्बन्धमा

उपरोक्त सम्बन्धमा सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको संरक्षण, तोकिए बमोजिम उपयोग गर्नुपर्ने तथा सो को अभिलेख, लगत ठिक दुरुस्त गरी संरक्षणको प्रवन्ध गर्नुपर्ने सम्बन्धमा आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ को दफा ५४ र ५५ तथा नियमावली, २०७७ को नियम ९४ उपनियम (४) मा कानूनी व्यवस्था रहेको छ । सो सम्बन्धमा यस नगरपालिकाको PAMS मा प्रविष्ट भए अनुसार सम्पत्ति तथा जिन्सी मालसमानहरु (खर्च भई नजाने)को अभिलेख ठिक दुरुस्त भएको नपाईएकोले सम्पत्ति तथा जिन्सी मालसामानको आवश्यक संरक्षण तथा यथोचित उपयोग गर्न एवं ऐ. नियमावलीको नियम ९९ बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्न समेत बाधा परेकोले जिन्सी मालसामानको संरक्षण, उपयोगलाई व्यवस्थित, तथा खाता, अभिलेख अद्यावधिक गर्नको लागि आफुले बुझेको वा प्रयोग गरिरहेको नगरपालिकाको सम्पत्ति तथा जिन्सी मालसामानको आवश्यक विवरण, जानकारी जिन्सी शाखालाई उपलब्ध गराई सहयोग तथा सहजीकरण गरीदिनुहुन यस नगरपालिकाका कर्मचारी तथा पदाधिकारीज्यूहरु लगायत सरोकारवाला सबैमा अनुरोध छ ।

(कमल प्रसाद दाहाल)
प्रमुख प्रशासकीय अधिकृत